'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

पत्र संख्या २०७८/०७९ के.क.प्र.शा.च.नं.: १३४०

मितिः २०७९/०१/०६

श्री उत्पादन निर्देशनालय।
श्री प्रसारण निर्देशनालय।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री ईन्जिनियरिङ सेवा निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री प्रशासन निर्देशनालय।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.वि.प्रा. सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री कार्यकारी निर्देशकको सचिवालय।
श्री आन्तरिक लेखापरीक्षण विभाग।
श्री ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग।

विषयः हाजिरी सम्बन्धमा।

नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली, २०७५को विनियम ७० (१) मा "प्राधिकरणले व्यवस्था गरे बमोजिम कर्मचारीले नियमित रुपले आफ्नो कार्यालयमा आएको र गएको समय जनाई हाजिर गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको साथै नेपाल विद्युत प्राधिकरण, विद्युतीय हाजिर (E-Attendance) सम्बन्धी निर्देशिका, २०७५ को दफा १२(६) मा "प्राधिकरणले व्यवस्था गरे बमोजिम कर्मचारीले नियमित रुपले आफ्नो कार्यालयमा आएको र गएको समय जनाई हाजिर गर्नुपर्नेछ।" भन्ने नीतिगत व्यवस्था रहेको हुँदा प्राधिकरणमा कार्यरत सम्पूर्ण कर्मचारीहरु (मिटर रिडिङ्ग कार्य गर्ने कर्मचारीहरु बाहेक) ले कार्यालय खुल्ने दिन तोकिएको कार्यालय समयानुसार अनिवार्य रुपमा कार्यालय आएको र गएको समय जनिने गरी E-Attendance गर्ने र मिटर रिडिङ्ग कार्यमा संलग्न कर्मचारीहरुको हकमा साविककै व्यवस्था अनुसार सम्बन्धित कार्यालय प्रमुखले आवश्यक व्यवस्था मिलाउने साथै केन्द्रीकृत विद्युतीय हाजिरी लागु भइसकेका कार्यालयहरुले सोही हाजिरी प्रणाली मात्र लागु गर्ने (अन्य विद्युतीय हाजिरी प्रणाली सञ्चालनमा रही रहेको भएमा उक्त हाजिरी प्रणालीहरु मान्य नहुने) गरी हाजिरी व्यवस्थापन गर्न/गराउन हुन जानकारी गराईन्छ। उपरोक्तानुसार हाजिरी व्यवस्थापन नगर्ने/नगराउने कर्मचारीहरुलाई नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली २०७५ बमोजिम विभागीय कारवाही हुने समेत जानकारी गराईन्छ।

.............................
(कुलमान घिसिङ)
कार्यकारी निर्देशक

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२ फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np